# बैठक नं. ८९

आज मिति २०७७ फाल्गुन १७ गते सोमबार दिनको २:०० बजे यस कीर्तिपुर नगरपालिकाका नगर प्रमुख श्री रमेश महर्जनज्युको अध्यक्षतामा, नगर कार्यपालिकाको बैठक, वडा नं. १० स्थित नगरपालिकाको सभाकक्षमा देहाय बमोजिमको उपस्थितिमा बसी निम्न बमोजिमका निर्णयहरु गरियो।

| सि.न. | पद | नाम, थर | दस्तखत |
|---|---|---|---|
| १ | अध्यक्ष, प्रमुख | श्री रमेश महर्जन | |
| २ | सदस्य, उपप्रमुख | श्री सरस्वती रिजाल (खड्का) | |
| ३ | सचिव | श्री सीता परियार | |
| ४ | सदस्य, अध्यक्ष वडा न. १ | श्री हर्ष महर्जन | |
| ५ | सदस्य, अध्यक्ष वडा न. २ | श्री रमेशमान डंगोल | |
| ६ | सदस्य, अध्यक्ष वडा न. ३ | श्री राजेन्द्र महर्जन | |
| ७ | सदस्य, अध्यक्ष वडा न. ४ | श्री राजेन्द्र बानियाँ | |
| ८ | सदस्य, अध्यक्ष वडा न. ५ | श्री राजेन्द्र कुमार महर्जन | |
| ९ | सदस्य, अध्यक्ष वडा न. ६ | श्री न्हुच्छे बहादुर महर्जन | |
| १० | सदस्य, अध्यक्ष वडा न. ७ | श्री राजकुमार माली | |
| ११ | सदस्य, अध्यक्ष वडा न. ८ | श्री विनोद महर्जन | |
| १२ | सदस्य, अध्यक्ष वडा न. ९ | श्री गंगाराम महर्जन | |
| १३ | सदस्य, अध्यक्ष वडा न. १० | श्री अमन महर्जन | |
| १४ | सदस्य | श्री नन्ददेवी महर्जन | |
| १५ | सदस्य | श्री राजु मिजार | |
| १६ | सदस्य | श्री राजेन्द्र तोलाङ्गे | |
| १७ | सदस्य | श्री सरस्वती परियार | |
| १८ | सदस्य | श्री सानु मिजार | |
| १९ | सदस्य | श्री सुनीता नकर्मी | |
| २० | सदस्य | श्री सुमन पोखरेल | |
| २१ | सदस्य | श्री संगिता श्रेष्ठ (उप्रेती) | |
| २२ | आमन्त्रित, लेखा अधिकृत | श्री मित्र प्रसाद घिमिरे | |
| २३ | आमन्त्रित, सचिवालय | श्री संजिता लामा | |

**<u>निर्णय नं. १</u>**

यस नगरपालिकाको विधायन समितिबाट तयार भै नगरकार्यपालिकामा पेश भएका तपशिलका ऐन, कार्यविधि एंव मापदण्डहरु उपर छलफल गरी स्वीकृत गर्ने निर्णय गरियो ।

(क) बाल समुह/सञ्जाल गठन तथा सहजिकरण निर्देशिका, २०७७
(ख) बालअधिकार समिति गठन तथा सञ्जाल कार्यविधि, २०७७
(ग) मानव मलमूत्रीय फोहोर व्यवस्थापन बिनियम, २०७७
(घ) वातावरण संरक्षण कोष संचालन कार्यविधि, २०७७

**<u>निर्णय नं.२</u>**

यस नगरपालिकाको विधायन समितिबाट तयार भै नगरकार्यपालिकामा पेश भएका तपशिलका ऐन, कार्यविधि एंव मापदण्डहरु उपर छलफल गरी स्वीकृतका लागि आगामी आठौं नगर सभामा पेश गर्ने निर्णय गरियो ।

(क) कीर्तिपुर नगरपालिका विनियोजन ऐन (संशोधन सहित), २०७७
(ख) स्थानीय वन विधेयक, २०७७

**<u>निर्णय नं.३</u>**

नेपालको संबिधान २०७२, स्थानीय सरकार संचालन ऐन,२०७४ ले प्रत्याभूत गरेको क्षेत्राधिकारको परिधिभित्र रहेर आफ्नो परिबेश सुहाउदो स्थानीय सरकारले आफ्ना काम कार्वाहीहरुलाई सरल, सरज, प्रभावकारी, पारदर्शी र जनउत्तरदायी बनाउने उदेश्यका खातिर ऐन, नियम, कानून र निर्देशिकाहरु बनाउन अपरिहार्य हुने हुदा त्यसको सहजिकरणका लागि यस नगर कार्यपालिकाबाट बिधेयक समितिको गठन भई क्रियाशिल रहेको अवस्थामा उक्त समितिलाई नगरसभाबाट अनुमोदन गर्नका लागि आगामी आठौं नगर सभामा पेश गर्ने निर्णय गरियो ।

**<u>निर्णय नं. ४</u>**

कीर्तिपुर नगरपालिका र चन्द्रागिरी नगरपालिका अन्तर्गत कीर्तिपुर नगरपालिका वडा नं. ४ र चन्द्रागिरी नगरपालिका वडा नं. ९ को सिमाना क्षेत्रको भूगोल र सीमानामा रहेको अन्यौल र अस्पष्टता सम्बन्धि अध्ययन गर्नका लागि गठित कार्यदलले विभिन्न मितिमा बैठक, छलफल, बहस र अन्तरक्रिया सहित स्थलगत निरक्षण गरी तयार गरी हस्तान्तरण भएको प्रतिवेदन अनुसार दुई नगरपालिकाको सीमाना निर्धारणका लागि आवश्यक निर्णयार्थ आगामी आठौं नगर सभामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५**

यस नगरलाई "**बालमैत्री नगर**" घोषणा गर्ने नगरपालिकाको योजना रहेकोमा यसै क्रममा चालु आ.व. २०७७/७८ मा नमुनाको रुपमा वडा नं ७ लाई प्रथम चरणमा राखि कार्य अगाडी बढीरहेको अवस्थामा सिङ्गो नगरपालिकालाई नै "**बालमैत्री नगर**" घोषणा गर्नका लागि आवश्यक निर्णयका लागि आगामी आठौं नगरसभामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६**

संघिय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधान, २०७२ सालमा आईसकेपछि सो को अभ्यास स्वरूप हाल देशमा ३ तहको सरकार क्रियाशिल रहेको र नेपाल सरकारले कर्मचारी समायोजन ऐन, २०७५ कार्यान्वयन गर्ने क्रममा निजामति सेवाका कर्मचारीहरुको मात्र समेटिएकोले यस नगरपालिकामा समेत नेपाल सरकारबाट विभिन्न पदमा समायोजन भै आईसकेको परिप्रेक्षमा यस नगरपालिकाको स्थापना काल २०५३ चैत्र १४ गते पछि र सो को लगतै पछि यस नगरपालिकाको स्वीकृत स्थायी दरबन्दीको पदहरूमा सेवारत कर्मचारीहरूको समायोजन नभएको हुँदा साबिक स्थानीय निकायका कर्मचारीहरूलाई प्रोत्साहन तथा उत्प्रेरणा बढाइ उनीहरूको मनोवल उच्च पारी यस नगरपालिकाको समग्र सेवा प्रवाह र कार्य सम्पादनमा अपेक्षित उपलब्धि पुरा गर्न सकियोस् भन्ने अभिप्रायले विधायन समितिबाट तयार भई यस नगरकार्यपालिका बैठकबाट पेश हुन आएको १ अनुसूची सहित ११ दफा रहेको **“कीर्तिपुर नगरपालिकामा कार्यरत स्थायी कर्मचारीहरूको समायोजन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०७७ ”** उपर छलफल गरी स्वीकृतिका लागि आगामी आठौं नगरसभामा पेश गर्ने निर्णय गरियो ।